# लुम्बिनी प्रदेश सहकारी संघ/संस्था दर्ता तथा नियमन सम्बन्धी मापदण्ड, २०७९

प्रस्तावनाः

सहकारीको प्रचलित मूल्य मान्यता र सिद्वान्तहरूको अनुसरण र सहकारी सम्बन्धी प्रचलित कानूनको परिपालना गर्दै नेपालको संविधानको मूल मर्म बमोजिम समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास एवम् देशको आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रको भुमिकालाई थप प्रभावकारी बनाउन र सहकारी संस्थाहरूको दर्ता, कार्यक्षेत्र विस्तार, सेवा केन्द्र स्थापना तथा सोको नियमन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को दफा १०७ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारको अर्थ तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "लुम्बिनी प्रदेश सहकारी संघ/संस्था दर्ता तथा नियमन सम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कार्यक्षेत्र" भन्नाले सहकारी संघ/संस्थालाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सहकारी दर्ता अधिकारीको कार्यालय सम्झनु पर्छ।

(घ) "दर्ता अधिकारी" भन्नाले ऐनको दफा ७६ बमोजिमको दर्ता अधिकारीको पदमा कार्य गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले लुम्बिनी प्रदेश सहकारी नियमावली, २०७६ सम्झनु पर्छ।

(च) "निक्षेप" भन्नाले व्याज दिने वा नदिने गरी सहकारी संस्था वा संघमा सदस्यहरूले नियमित, आवधिक वा ऐच्छिक रूपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई सम्झनु पर्छ र सो शब्दले सदस्यहरूका नावालिक बालबालिकाको नाममा नियमित रूपमा जम्मा हुने बचत रकमलाई समेत जनाउँछ।

(छ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनीआमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु ,भाई, बुहारी, र दिदि,वहिनी सम्झनु पर्छ ,।

तर सो शब्दले अंशवण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ज) "प्राथमिक पुँजीकोष" भन्नालें संस्थाको शेयर पुँजी र जगेडा कोषको रकम सम्झनु पर्छ।

(झ) "पुँजी कोष" भन्नाले सहकारी संस्थाको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले सहकारी विभागले समयमा पुँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउँछ।

(ञ) "पूरक पुँजी कोष" भन्नाले संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, डुबन्त ऋण कोष, कर्जा जोखिम कोष, स्थिरीकरण कोष तथा बाँडफाँट नगरेको मुनाफालाई समेत सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको अर्थ तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ठ) "लक्षित समुदाय" भन्नाले मानव विकास सुचकाङ्कमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाती, शारीरिक रूपमा फरक क्षमता भएका, भूमिहिन किसान, सुकुम्बासी, मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरू र गरिबीको रेखामुनि रहेका अन्य समुदायलाई समेत सम्झंनु पर्छ।

(ड) "विनियम" भन्नाले सम्बन्धित सहकारी संघ/संस्थाको विनियम सम्झनु पर्छ।

(ढ) "शेयर पुँजी" भन्नाले सहकारी संघ/संस्थाको चुक्ता शेयर पुँजी सम्झनु पर्छ।

(ण) "सदस्य" भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई सम्झनु पर्छ।

(त) "समिति" भन्नाले सहकारी संघ/ संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई सम्झनु पर्छ।

(थ) "साधारण सभा" भन्नाले सहकारी संस्थाको बार्षिक साधारण सभा सम्झनु पर्छ र सो शब्दले प्रारम्भिक र विशेष साधारण सभा समेतलाई जनाउँछ।

(द) "संघ" भन्नाले सहकारी संस्थाहरुको छाता संगठनहरू जिल्ला सहकारी संघ, जिल्ला विषयगत सहकारी संघहरु, प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघहरुलाई सम्झनु पर्छ र सो शब्दले विशिष्टीकृत सहकारी संघ समेतलाई जनाउँछ।

(ध) "संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले सहकारी संघ समेतलाई जनाउँछ।

(प) " विशिष्टिकृत संघ" भन्नाले ऐनको दफा ४,५,६,७ र ८ बमोजिम गठन भई ऐनको दफा १२ बमोजिम दर्ता भएका संघ सम्झनु पर्दछ ।

(फ) "दिग्दर्शन" भन्नाले लुम्बिनी प्रदेश सहकारी संस्था दर्ता दिग्दर्शन, २०७७ लाई सम्झनुपर्दछ ।

(ब) पेशा भन्नाले जिविकोपार्जनको लागि व्यक्तिले गर्ने शारिरीक वा मानसिक श्रम सम्झनु पर्छ ।

३. संस्था दर्ता गर्ने आधारः (१) बसोबासको आधारमा विषयगत वा बहुउद्देश्यीय संस्था दर्ता गर्न संयुक्त रूपमा आवेदन गर्ने अलग-अलग परिवारका कम्तीमा तीस जना, बचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा नगरपालिका क्षेत्रमा कम्तीमा एक सय जना र गाँउपालिका वा वडामा पचास जना र सीप तथा श्रममा आधारित व्यवसाय गर्ने युवा तथा श्रमिकको हकमा पन्ध्र जना प्राकृतिक व्यक्तिहरूले देहायका कागजातहरू पेश गर्नुपर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) हालसालै खिचिएको पासपोर्ट साइजको एक प्रति फोटो।

(२) कार्यक्षेत्रभित्र बसोवास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोबास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछः-

(क) परिवार सहितको बसाइसराई गरी आएको भए सोको प्रमाणपत्र,

(ख) वैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित प्रमाण पत्र,

(ग) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र हालसालै विद्युत वा पानीको महशुल तिरेको बिल र सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपि,

(घ) विगत दुई बर्ष देखि सम्बन्धित कार्यक्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नवीकरण सहितको व्यवसाय इजाजत प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र र हाल कार्यरत कार्यालय/निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्यक्षेत्रमा वहालमा बसोवास गरेकोमा व्यहोरा प्रमाणित हुने स्थानीय तहले गरेको बढीमा एक महिना भित्रको सिफारिस पत्र।

(३) बसोवासको आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरू मध्ये कम्तीमा नब्बे प्रतिशत आवेदकहरूको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्रभित्र हुनुपर्नेछ र त्यस्तो अनुपात संस्थाले दर्ता भईसके पश्चात समेत सधैं कायम गर्नुपर्नेछ।

(४) पेशा तथा पेशागत संगठनसँग आबद्ध हुने संस्थाले देहायका आधार तथा मापदण्ड कायम गर्नुपर्नेछः-

(क) कम्तीमा एक सय जना एउटै पेशा वा पेशागत संगठनका व्यक्तिहरू मिली प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्नेछन। यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत संगठन खुल्ने प्रमाणहरु पेश गर्नुपर्नेछ। त्यस्ता संस्थाको

कार्यक्षेत्र सदस्यहरूको [stamp] सम्बन्धित निकायको परिसर वा आवेदक सदस्यहरूको ठेगानाका आधारमा बढीमा एक जिल्लाभर कायम गर्न सकिनेछ,।

(ख) कानून बमोजिम गठित एउटा पेशागत संगठन अन्तर्गत एक भन्दा बढी संस्थाको दर्ता गरिने छैन।

(ग) सरकारी निकायमा कार्यरत कर्मचारीहरू, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण, अर्ध र आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु, सहकारी र निजी कलकारखानामा कार्यरत मजदुरहरू, शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरू वा अस्पतालमा कार्यरत कर्मचारीहरू शहरमा आई बसोबास गरेका कुनै भौगोलिक क्षेत्रका समाजमा संगठित रहेका व्यक्तिहरू मात्र सदस्य हुन सक्ने निर्दिष्ट भौगोलिक क्षेत्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरू माझ बचत तथा ऋणको कारोबार, सदस्यहरूको सामुहिक हित प्रवर्द्धनका लागि सामाजिक काम र सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम आफ्नो पेशागत संगठनका आधारमा सहकारी संस्था दर्ता गर्न सकिनेछ,

तर औद्योगिक क्षेत्र परिसर भित्रका बहुसङ्ख्यक मजदुरहरूको सदस्यता रहने गरी दर्ता गरिने सहकारी संस्थालाई बचत तथा ऋण, पसल स्थापना, शिशु स्याहार केन्द्र, स्वास्थ्य क्लिनिक, वाचनालय जस्ता परिसर भित्र सञ्चालन गर्न सकिने बहुमुखी काम गर्न पाउने उद्देश्यहरू राख्न दिइनेछ। यसरी संस्थाका आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नुपर्नेछः-

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. हालसालै खिचिएको पासपोर्ट साइजको १/१ प्रति फोटो,
३. सम्बन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. सम्बन्धित निकायको स्वीकृति।

४. <u>सहकारी संस्था दर्ता सम्बन्धी मापदण्डः</u> (१) सहकारी संस्था दर्ताको लागि देहाय बमोजिम जनसङ्ख्याको अनुपातको मापदण्ड पालना गर्नुपर्नेछः-

(क) उपमहानगरपालिकाको हरेक वडामा पाँच हजार जनसङ्ख्याको अनुपातमा बढीमा एक प्रकृतिको एक सहकारी संघ/संस्था हुने।

(ख) तराईका जिल्लाका नगरपालिकामा चार हजार जनसङ्ख्याको अनुपातमा वढीमा एक प्रकृतिको एउटा सहकारी संघ/संस्था हुने।

(ग) तराईका जिल्लाका गाउँपालिका र पहाडी जिल्लाका नगरपालिकामा तीन हजार जनसङ्ख्याको अनुपातमा बढीमा एक प्रकृतिको एउटा सहकारी संघ/संस्था हुने।

(घ) पहाडी जिल्लाको गाउँपालिकामा दुई हजार जनसङ्ख्याको अनुपातमा बढीमा प्रकृतिको एक वटा सहकारी संस्था हुने गरी दर्ता कायम गर्नुपर्ने।

(२) उपदफा (१) बमोजिमका मापदण्डको पालनाको लागि नेपाल सरकारको आधिकारिक निकायले प्रकाशन गरेको तथ्याङ्कलाई आधार मान्नु पर्नेछ ।

तर कृषि, दुग्ध र जडीवुटीजन्य वस्तुको उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ, ब्राण्डिङ, विविधिकरण वा बजारीकरण गर्ने एकल उद्देश्य वा विशिष्टिकृत उद्देश्य राखी संस्था दर्ता गर्न तथा पेशागत प्रकृतिको संस्था दर्ता गर्ने हकमा यो प्रावधान लागू हुने छैन।

(३) सहकारी संस्थाको दर्ताका लागि दरखास्त प्राप्त भएपछि दर्ता अधिकारी वा निजले तोकेको कर्मचारी र आवेदकहरु वैठक वसी निर्णयको आधारमा मात्र संस्था दर्ता गर्न सकिनेछ ।सो वैठकमा पुर्व सहकारी शिक्षा सम्बन्धी अभिमुखिकरण समेत समावेश गर्नुपर्नेछ ।

५. <u>संघ/संस्थाको कार्यक्षेत्र तथा कार्यक्षेत्र विस्तार सम्बन्धी मापदण्डः</u> (१) सहकारी संघ/ संस्था दर्ता गर्दा सुरुमा सिमाना जोडिएका बढिमा तीन वटा स्थानीय तह (लुम्बिनी प्रदेश) कार्यक्षेत्र राखी दर्ता गर्न सकिनेछ।

(२) एकल उद्देश्य राखि ठूलो कार्यक्षेत्र आवश्यक हुने स्वास्थ्य, सञ्चार, विद्युत उत्पादन र वितरण, कृषिजन्य, पशुजन्य, वन/वनस्पति/जडीवुटीजन्य वस्तुको उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ, ब्राण्डिङ, विविधिकरण वा बजारीकरणमा आधारित उद्योग मूलक व्यवसाय गर्ने सहकारी संस्थाको कार्यक्षेत्रको हकमा पेश गरिएको कार्ययोजना र सम्भाव्यता अध्ययनको आधारमा सीमाना जोडिएका बढिमा तीन जिल्ला कार्यक्षेत्र राखी दर्ता अधिकारीले स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यक्षेत्र कायम राखी संस्था दर्ता गर्नको लागि देहाय बमोजिमको मापदण्ड पूरा भएको हुनुपर्नेछः-

(क) चुक्ता शेयर पुँजी कम्तीमा एक करोड,

(ख) कार्यक्षेत्र कायम भएको कार्यक्षेत्रबाट कम्तीमा तीस जना आवेदक,

(ग) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने संस्थाको हकमा वातावरणीय अध्ययन प्रतिवेदन (EIA)/IEE स्वीकृत भएको कागजात,

(घ) अन्य निकायबाट इजाजत लिएर मात्र सञ्चालन गर्न सकिने व्यवसायको हकमा सम्बन्धित निकायले इजाजत प्रदान गर्ने आशयको सिफारिस पत्र।

(४) उपदफा (३) बमोजिम दर्ता भएका संघ/संस्थाले विनियममा उल्लेख भएको मूख्य उद्देश्य अनुसारको कार्य दर्ता भएको मितिले एक बर्ष भित्रमा शुरुवात गर्नुपर्नेछ।त्यस्ता विषयमा

सहकारी दर्ता अधिकारीको कार्यालयबाट स्थलगत अनुगमन गर्दा एक बर्ष सम्ममा देहाएका कुरा नपाईएमा दर्ता अधिकारीले त्यस्ता संघ/संस्थाको कार्यक्षेत्र घटाउन सक्नेछ।

क) उद्देश्य अनुसार कार्य नगरेमा ।

ख) संघ/संस्थाले लिएको कार्यक्षेत्रमा सदस्य संख्या विस्तार गर्न नसकेमा ।

(५) विशिष्टिकृत सहकारी संघहरुको हकमा औचित्यका आधारमा प्रदेश भर कार्यक्षेत्र हुन सक्नेछ ।

(६) सहकारी संघ/संस्थाको कार्यक्षेत्र बिस्तार गर्दा त्यस्ता संघ/संस्था दर्ता भई कार्य सञ्चालन गरेको कम्तीमा दुई बर्ष पूरा नभएसम्म कार्यक्षेत्र विस्तार गरिने छैन। यसरी कार्यक्षेत्र बिस्तार गर्दा अघिल्लोपटक कार्यक्षेत्र विस्तार भएको संस्थाको हकमा समेत दुई बर्ष व्यतित नभई पुन कार्यक्षेत्र बिस्तार गरिने छैन ।

(७) स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रका सहकारी संघ/संस्थाले कार्यक्षेत्र बिस्तार हुने सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको सिफारिस सहित कार्यक्षेत्र बिस्तारका लागि निवेदन पेश गरेमा त्यस्ता संस्थाहरूको आवश्यक अनुगमन गरी दर्ता अधिकारीले बढीमा तीन स्थानीय तह कार्यक्षेत्र कायम हुनेगरी संशोधित विनियम स्वीकृत गर्न सक्नेछ।

(८) सहकारी संघ/संस्थाको सेवाकेन्द्र बिस्तार लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ को नियम ८ को उपनियम ६ बमोजिम हुनेछ तर सहकारी दर्ता अधिकारीको कार्यालयबाट अनुगमन हुँदाका बखत देहाएका अवस्था पाईएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको सेवा केन्द्र घटाउन सक्नेछ ।

(क) दुई हजार भन्दा बढि सदस्य संख्या भएको संस्थाको तेत्तिस प्रतिशत वा सात सय भन्दा कम सदस्य भएमा।

(ख) सेवा केन्द्र संचालनको लागि स्वीकृति लिएको तिन महिनासम्म सेवा संचालन नगरेमा

६. <u>संघ/संस्थाको कार्यालय सम्बन्धी मापदण्ड:</u> संघ/संस्थाले आफ्नो कार्यालय स्थापना तथा सञ्चालन गर्दा देहायका मापदण्ड पालना गर्नुपर्नेछः-

(क) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नुपर्ने,

(ख) कार्यालयको स्थापना बढी सेयर सदस्यहरूलाई पायक पर्ने स्थानमा गर्नुपर्ने,

(ग) नयाँ दर्ता हुने संघ/संस्थाले संस्थाको कार्यालय रहने सम्बन्धित स्थानीय तहको सिफारिस समेत पेश गर्नुपर्ने,

(घ) नयाँ दर्ता हुने संघ/संस्थाले दर्ता भएको तिन महिना भित्र तोकिएको क्षेत्रमा कार्यालय स्थापना गर्नुपर्नेछ र सोको जानकारी १५ दिन भित्र दर्ता अधिकारीको कार्यालयलाई लिखित रूपमा दिनुपर्ने,

(ङ) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन। एउटै भवन वा घरमा एक भन्दा बढि एउटै प्रकृतिको सहकारी संस्थाहरूको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाउँमा सार्न दर्ता अधिकारीको कार्यालयले निर्देशन दिनेछ।

७. <u>संस्थाको नाम/प्रकृति परिवर्तन सम्बन्धी मापदण्डः</u> (१) सामान्य अवस्थामा संस्थाको नाम परिवर्तनका लागि स्वीकृति प्रदान गरिने छैन। निम्न अवस्थामा

(२) विगत दुई आर्थिक बर्षदेखि सञ्चालनमा आएको संस्थाले दुई वा सोभन्दा बढि प्रकृतिको व्यवसाय सञ्चालन गरिरहेको, बहुव्यवसाय गर्ने उद्देश्य सहित विस्तृत कार्ययोजना, पुँजीको व्यवस्था र सम्भाव्यता रहेको भन्ने अध्ययन प्रतिवेदनले पुष्टि गरेमा कार्यालयले सम्बन्धित सहकारी संस्थाले सहकारीको मूल्य मान्यता र सिद्धान्तहरूको पालना गरेको, प्रचलित कानून तथा नियामक निकायबाट जारी गरिएका निर्देशन र मापदण्डको पालना गरेको, स्थानीयस्तरमा स्तरीय सेवा पुऱ्याएको पाँच सय भन्दा बढी शेयर सदस्य भएको आधारमा कुनै संस्थालाई एकल उद्देश्यबाट बहुउद्देश्यीय शब्द प्रयोग गर्न पाउने गरी प्रकृति परिवर्तनको लागि स्वीकृति दिन सक्नेछ।

(३) यो मापदण्ड जारी हुनुभन्दा अगाडी दर्ता भई दुई वा सो भन्दा बढी प्रकृतिको कारोबार गर्ने सहकारी संस्थाको हकमा उपदफा (२) लागू हुनेछ।

(४) कुनै एउटा विषयको मात्र कारोबार गरेको बहुउद्देश्यीय सहकारी संस्था भए जुन विषयको कारोवार गरेको हो सोही विषय जनाउँने गरी यो मापदण्ड लागू भएको दुई बर्षभित्र प्रकृति (बचत तथा ऋण बाहेक) परिवर्तन गर्नुपर्नेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम संघ/संस्थाले प्रकृति परिवर्तनका लागि देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) नाम/प्रकृति परिबर्तन सम्बन्धी साधारण सभाको निर्णय,

(ख) नाम/प्रकृति परिवर्तन हुने कुरा खोली राष्ट्रियस्तरको दैनिक पत्रिकामा १५ दिने उजुरी/गुनासोको लागि सूचना प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्रकाशित सूचनामा कुनै गुनासो वा उजुरी नपरेको सम्बन्धमा सञ्चालक समितिको निर्णय।

(६) उपदफा (५) मा उल्लिखित प्रक्रिया पूरा गरी विनियम संशोधन स्वीकृतिको लागि आवश्यक अन्य कागजात सहित कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम पेश भएका कागजातको अतिरिक्त कार्यालयले आवश्यकता अनुसार अनुगमन निरीक्षण पश्चात दर्ता अधिकारीले स्वीकृति प्रदान गर्न सक्नेछ।

(८) यस दफा बमोजिम नाम/प्रकृति परिवर्तन भएका संघ/संस्थाले सोको जानकारी १५ दिनभित्र स्थानीय पत्रिका/एफ.एम. रेडियोबाट प्रकाशन/प्रशारण गर्नुपर्नेछ।

८. <u>मापदण्ड संशोधन:</u> यो मापदण्ड मन्त्रालयले आवश्यकता अनुसार जुनसुकै समयमा संशोधन गर्न सक्नेछ।

लुम्बिनी प्रदेश सरकार
अर्थ तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), दाङ